बैठक संख्या १०

आज मिति २०७५।०९।२३ गते विहान ४:०० बजेका दिन यस केदारस्युँ गाउँपालिकाका अध्यक्ष श्री इन्द्र बहादुर भण्डारीज्यूको अध्यक्षता तथा तपसिल बमोजिमको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री इन्द्र बहादुर भण्डारी | अध्यक्ष |
| २ | श्री निशा धामी | उपाध्यक्ष |
| ३ | श्री प्रवीण श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत |
| ४ | श्री लोकेश वहादुर भण्डारी | वडाध्यक्ष वडा नं. १ |
| ५ | श्री चक्रवहादुर लुहार (वि.क.) | वडाध्यक्ष वडा नं. २ |
| ६ | श्री विर वहादुर खाती | वडाध्यक्ष वडा नं. ३ |
| ७ | श्री भक्त प्रसाद भट्ट | वडाध्यक्ष वडा नं. ४ |
| ८ | श्री कासीराम धामी | वडाध्यक्ष वडा नं. ५ |
| ९ | श्री करसिङ्गे धामी | वडाध्यक्ष वडा नं. ६ |
| १० | श्री प्रेम वहादुर धामी | वडाध्यक्ष वडा नं. ७ |
| ११ | श्री गणेश वहादुर बोहरा | वडाध्यक्ष वडा नं. ८ |
| १२ | श्री अहेन्द्र वहादुर शाही | वडाध्यक्ष वडा नं. ९ |
| १३ | श्री तस्विर वि.क. | कार्यपालिका सदस्य |
| १४ | श्री कटक वहादुर दमाई | कार्यपालिका सदस्य |
| १५ | श्री नन्दा देवी सिंह | कार्यपालिका सदस्य |
| १६ | श्री जौमती देवीबोहरा | कार्यपालिका सदस्य |
| १७ | श्री विमलाकुमारी शर्मा | कार्यपालिका सदस्य |
| १८ | श्री जुन देवीओखेडा | कार्यपालिका सदस्य |

आमन्त्रीत

१९. धनराज जोशी — ना.प्र. केदारस्युँ गा.पा.

२०. धर्मराज गिरी — ले.पा. ,, ,,

केदारस्युँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैजनाथ, सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्तावहरु:

१. उर्जा इकाई गठन सम्बन्धमा ।

२. नमादेउ निर्माण सेवालाई 'घ' वर्गको ईजाजत पत्र दिने सम्बन्धमा ।

३. एक नेपाली एक फलफुल विरुवा रोपण अभियान सम्बन्धमा ।

४. गाउँ पालिका क्षेत्रमा आलु तरकारी खेतीको जोन, सुपर जोन सिफारिस गरी पठाउने सम्बन्धमा ।

५. वहुक्षेत्रीय पोषणको कार्यक्रम स्वीकृत सम्बन्धमा ।

६. नेपाल ईन्भेष्टमेन्ट बैंकसंग "ग" वर्गको सरकारी कारोबार संचालन सम्बन्धमा ।

७. जनचेतना संचार समुहको संचार विकास साझेदारी प्रस्ताव सम्बन्धमा ।

८. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय धनगढी कैलालीबाट यस गाउँपालिकाका लागि स्वीकृत वार्षिक कार्यक्रम सम्बन्धमा ।

निर्णयहरु:

नि.नं.१: प्रस्ताव नं. १ माथि छलफल हुँदा भौतिक पूर्वाधार समिति अन्तर्गत रहने गरी उर्जा इकाई गठन गर्ने र सो इकाईको संयोजकको रुपमा उर्जा विकास समितिको संयोजकलाई संयोजक र सो इकाईको फोकल पर्सनको रुपमा प्राविधिक शाखाका ईन्जिनियर श्री ललित मल्ललाई तोक्ने निर्णय गरियो ।

नि.नं.२: प्रस्ताव नं. २ माथि छलफल हुँदा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउँ भनी नमादेउ निर्माण सेवा, केदारस्युँ गाउँपालिका वडा नं. २ का ललित रावलले मिति २०७५।०८।२४ मा यस कार्यालयमा दिनु भएको निवेदन उपर यस कार्यालयको प्राविधिक शाखाबाट समेत ईजाजतपत्र उपलब्ध गराउन मनासिव देखिएको भनी लेखी आएकोले उक्त निर्माण व्यवसायीलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने निर्णय गरियो ।

नि.नं.३: प्रस्ताव नं. ३ माथि छलफल हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको च.नं. ०७५।७६।४३४४, मिति २०७५।०९।१५ को पत्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३४२ मिति २०७५।०९।१७ को पत्रबाट एक नेपाली एक फलफुल विरुवा रोपण अभियान सफल पार्न गाउँ पालिका भित्र सार्वजनिक खाली रहेको जमिनको अधिकतम सदुपयोग गर्न नागरिकहरुलाई उत्प्रेरित गराउँदै मौसम एवं भौगोलिक अनुकुलता अनुसारका फलफूलका विरुवाहरु आधुनिक प्रविधिको प्रयोग गरी व्यवसायिक रुपमा रोपण गरी फलफूलमा आत्मनिर्भर बनाउने कार्यमा जोड दिई समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्नको लागि एक नेपाली एक फलफुल विरुवा रोपण कार्य गर्न यस गाउँपालिकाबाट विनियोजित कन्टिजेन्सी रकमबाट रु.५,००,०००।- (अक्षेरेपी पाँच लाख रुपैयाँ) खर्च गर्ने निर्णय गरियो ।

नि.नं.४: प्रस्ताव नं. ४ माथि छलफल हुँदा हिमाली एग्री फार्मको च.नं. ८ मिति २०७५।०८।२७ को पत्रबाट गाउँपालिका क्षेत्रमा आलु तरकारी खेतीको जोन, सुपर जोन तयार गर्न वडाहरुलाई छनौट गरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना खुमल्टारमा लेखी पठाइदिनु भनी लेखि आएकोमा यस गाउँ पालिकाको वडा नं. ६,७ र ८ का जमिनमा सामुहिक व्यवसायिक आलुखेती गर्न मिलेका र उक्त क्षेत्रलाई आलु तरकारी खेतीको जोन, सुपर जोन बनाउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना खुमल्टारको नाममा लेखी पठाउने निर्णय गरियो ।

नि.नं.५: प्रस्ताव नं. ५ माथि छलफल हुँदा मिति २०७५।०९।२३ को गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा आ.व. २०७५।०७६ को एकीकृत योजना तर्जुमा गोष्ठीबाट पारित भएका निर्णय र कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं.६: प्रस्ताव नं. ६ माथि छलफल हुँदा नेपाल राष्ट्र बैंकको प.सं. / स.का.ईजाजत एनआईबि बैंक २०७५।७६, मिति २०७५।०८।१४ गतेको पत्रानुसार यस गाउँपालिकाको सरकारी खाता नेपाल ईन्भेष्टमेन्ट बैंक झोता शाखाबाट संचालनको लागि अनुमती प्राप्त भएको तर यस आ.व.२०७५।७६ को योजना सम्झौता लगायतका अन्य आर्थिक कारोबार साविककै राष्ट्रिय वाणिज्य बैंक, चैनपुरबाट संचालन भैसकेकोले आगामी आर्थिक वर्षबाट मात्र उक्त नेपाल ईन्भेष्टमेन्ट बैंक, झोता शाखाबाट सरकारी खाता संचालन गरी कारोबार गर्ने निर्णय गरियो ।

नि.नं.७: प्रस्ताव नं. ७ माथि छलफल हुँदा जनचेतना संचार समुह, बझाङ्को च.नं. ६ मिति २०७५।०८।१७, यस कार्यालयको द.नं. ३४८ को प्रस्तावना सम्बन्धमा उक्त समुहको नाममा दर्ता भएको रेडियो केदारलाई केदारस्युँ गाउँ कार्यपालिका संगको संयुक्त साझेदारी/सहकार्यमा संचालनमा ल्याउने विषयको प्रस्तावको सन्दर्भमा आ.व. ०७५।०७६ को वार्षिक कार्ययोजनामा उक्त केदार एफ.एम. रेडियोको लागि बजेट १०,००,०००।- (अक्षेरेपी दश लाख) विनियोजन भएको र मिति २०७५।०८।१७ गतेको विशेष गाउँ सभाबाट समेत थप १०,००,०००।- (अक्षेरेपी दश लाख) विनियोजन गरिएकोमा रेडियो साझेदारीमा संचालनार्थ गाउँपालिकाको तर्फबाट ७०% लगानी गर्दा गाउँ सभाबाट विनियोजित २०,००,००० (अक्षेरेपी बीस लाख) मध्ये अपुग रकम सम्भव भएमा यही आर्थिक वर्षमा भुक्तानी गर्ने नभएमा आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्ने र उक्त जनचेतना संचार समुहको तर्फबाट ३०% लगानी रहने गरी साझेदारी सम्झौता गर्ने निर्णय गरियो ।

नि.नं.८: प्रस्ताव नं. ८ माथि छलफल हुँदा कृषि ज्ञान केन्द्र, बझाङ्को च.नं. ५६, मिति २०७५।०८।१८ को पत्रबाट आ.व. ०७५।०७६ मा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलालीबाट यस गाउँपालिकाका स्वीकृत भै आएको वार्षिक कार्यक्रमबाट यस गाउँपालिकामा ओखर क्षेत्र विस्तार कार्यक्रम ३ हेक्टर क्षेत्रफलमा गर्नुपर्ने भएकोले वडा नं ७ को काडाचौर, खिकीरी, जसुडा, कोटेली, भामचौर क्षेत्रमा ओखर खेतीका उपयुक्त भएको व्यहोरा कृषि ज्ञान केन्द्रलाई लेखी पठाउने निर्णय गरियो ।

केदारस्युँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय